New York State
**Department of State**
**Division of Licensing Services**
**Appearance Enhancement**
P.O.BOX 22049
Albany, NY12201-2049
Customer Service: (518) 474-4429
www.dos.ny.gov

# नङ स्पेशियालिटि आवेदन

***लाइसेन्स प्रदान गर्ने विभाग (Division of Licensing Services) आवेदकहरूलाई अनलाइन आवेदन गर्नको लागि प्रोत्साहीत गर्छ किनभने यसरी प्रक्रिया द्रूत साथै सहज भएर जान्छ। अनलाइन सेवाहरूको उपयोगको लाभ के हुन्छ भने यसले गर्दा तपाईंको आवेदन साथै अपडेटहरूमाथि चाँडोभन्दा चाँडो कार्यवाही गर्न सकिन्छ अनि लाइसेन्स प्रदान गर्ने प्रक्रियाको अवधिभरि तपाईंले आफ्नो लाइसेन्स रेकर्डहरूलाई हेर्न सक्नुहुन्छ साथै यसप्रति पहुँच प्राप्त गर्न सक्नुहुन्छ।***

***हाम्रो वेबसाइट हेर्नुहोस्: www.dos.ny.gov***

***अधिक जानकारीको लागि कृपया यी निर्देशहरूको अनलाइन खण्डलाई हेर्नुहोला।***

*आवेदनलाई पूर्ण गर्नभन्दा पहिले निर्देशहरूलाई ध्यानपूर्वक पढ्नुहोस्। आवेदन फारामका सबै कुरोहरूलाई अनिवार्य रूपमा भर्नुपर्नेछ, अपूर्ण आवेदनहरूलाई फिर्ता पठाइनेछ जसले गर्दा लाइसेन्स प्रदान गर्ने प्रक्रियामा विलम्ब हुन्छ। आवेदनमा कुनै कुरो छोड्नु, पूर्ण खुलासा गर्नमा असफल हुनु वा गलत जानकारी दिनु अथवा समर्थनकारी कागजातहरूमा त्यसो गर्नु, लाइसेन्स दिनको लागि अस्वीकृतिको पयप्ति कारण बन्न सक्छ, वा, यदि लाइसेन्स दिइसकिएको छ भने पनि त्यसलाई स्थगित वा खारिज गर्न सकिन्छ।*

---

### नङ स्पेशियालिटि प्रक्रिया भनेको के हो?

*नङ स्पेशियालिटिको पेसा* भनेको कुनै शुल्क लिएर अथवा अन्य यस्तै खातिरको लागि हातहरू र खुट्टाहरूका नङहरूलाई काट्नु, आकार दिनु वा सुन्दर बनाउनु हो। नङ स्पेशियालिटिमा कृत्रिम नङहरूमा साज-सज्जा गर्ने अनि त्यसलाई हटाउने काम पनि सामेल छ।

### नङ स्पेशियालिटिको लाइसेन्स निम्ति कसले आवेदन गर्नु अनिवार्य छ

माथि वर्णन गरिएसरहको नङ स्पेशियालिटिको पेसामा रहेको कुनैपनि व्यक्तिको लागि नङ स्पेशियालिटि लाइसेन्स हुनु कानूनी दृष्टिले आवश्यक छ। नङ स्पेशियालिटि लाइसेन्सले तपाईंलाई कुनै व्यापार गर्ने अनुमति दिदैंन; यसको लागि भिन्नै आवेदन बुझाउनुपर्नेछ अनि भिन्नै व्यापार लाइसेन्स प्राप्त गर्नुपर्नेछ।

### लाइसेन्सको लागि आवेदन गर्नको लागि मेरो के योग्यता हुनुपर्नेछ अनि के-कस्ता समर्थनकारी कागजातहरू आवश्यक छन्?

यदि तपाईंको उमेर कम्तीमा पनि 17 वर्ष पुगेको छ भने, तपाईंले नङ स्पेशियालिटि लाइसेन्सको लागि आवेदन गर्न सक्नुहुन्छ अनि यसको आधार निम्न हुनेछः

**1)** ***न्यु योर्क राज्य शिक्षा एवम् परीक्षा (अस्थायी लाइसेन्स निम्ति योग्य)***

यस राज्यमा काम गर्नको लागि तपाईंले लाइसेन्स प्राप्त गर्नु अनिवार्य छ तथा लाइसेन्सको लागि तपाईंले 250 घण्टा अवधिको पाठ्यक्रम पूरा गरेर न्यु योर्क राज्यको लिखित साथै व्यावहारिक परीक्षामा उत्तीर्ण हुनु आवश्यक छ।

स्कूल शिक्षालाई सफलतापूर्वक पूर्ण गरेको प्रमाणको रूपमा आवेदनको **न्यु योर्क राज्यद्वारा अनुमोदित स्कूल शिक्षा पूर्ण गरेको पुष्टि** खण्डलाई तपाईंको स्कूल निदेशकद्वारा पूर्ण गरिएको हुनुपर्छ।

NYS लाइसेन्स केन्द्रको उपयोग गरी अनलाइन आवेदन गर्दा, तपाईंले तपाईंको स्कूलको प्रमाणपत्रमा सूचीबद्ध गरिएको पाठ्यक्रम कोडलाई प्रविष्ट गराउनु अनिवार्य छ। अनलाइन प्रमाणीकरण कार्यक्रममा सहभागी हुने स्कूलहरूले, विद्यार्थीले पाठ्यक्रम पूरा गरेको पुष्टि, NYS लाइसेन्स केन्द्र मार्फत गर्नेछन्। अनलाइन प्रमाणपत्र प्रदान गर्ने कार्यक्रममा भाग नलिने स्कूलहरूको लागि, तपाईंले आफ्नो स्कूलको प्रमाणपत्रलाई अनलाइन आवेदनको "NYS स्कूल शिक्षाको पुष्टि" खण्डमा अपलोड गर्नु अनिवार्य छ। सम्बद्घ प्रणालीले आवश्यक उपायबारे तपाईंलाई सूचित गर्नेछ अनि यो उपाय, चयन गरिएको पाठ्यक्रम कोडमाथि निर्भर गर्नेछ।

तपाईंको आवेदनलाई समीक्षा गरी यसलाई स्वीकार गरिएपछि, तपाईंले एक ईमेल प्राप्त गर्नुहुनेछ जसमा परीक्षा प्रक्रियाबारे विस्तृत विवरण दिइएको हुन्छ।

**2)** ***न्यू योर्क राज्य वा संयुक्त राज्य बाहिर शिक्षा हासिल गर्नेहरू (अस्थायी लाइसेन्स निम्ति योग्य)***

यदि तपाईंले अन्य राज्य वा देशबाट समान स्तरको स्कूल शिक्षा हासिल गरेको कागजात प्रस्तुत गर्न सक्नुहुन्छ भने, हामी न्यु योर्क राज्यबाट स्कूल शिक्षा हासिल गर्ने आवश्यकतालाई हटाउन सक्छौं। तपाईंले तल बताइएका **सबै** तीन कागजातहरू बुझाउनु पर्नेछः

(1) स्कूलको प्रमाणपत्र;

(2) पढेका विषयहरू साथै पूर्ण गरिएका घण्टाहरूको उल्लेख गर्ने स्कूलद्वारा जारी गरिएको लिखित विवरण;

**अनि**

(3) तपाईंको स्टेट बोर्डद्वारा वर्तमानमा जारी लाइसेन्सको प्रमाण **अथवा, यदि लाइसेन्स प्राप्त गरिएको छैन** भने, दाबी गरिएका घण्टाहरूको पुष्टि गर्ने वर्तमान प्रमाणपत्र जसलाई तपाईंको स्टेट बोर्डद्वारा जारी गरिएको हुनपर्छ।

तपाईंको आवेदनको समीक्षा गरी यसलाई स्वीकार गरिएपछि, यस राज्यमा नङ स्पेशियालिटि लाइसेन्स प्राप्त गर्नको लागि तपाईं न्यु योर्क राज्यको लिखित एवम् व्यावहारिक, दुवै परीक्षाहरूमा उत्तीर्ण हुनु पनि आवश्यक छ। तपाईंले सूचना प्राप्त गर्नुहुनेछ जसमा परीक्षा प्रक्रियाबारे विस्तृत विवरण दिइएको हुन्छ।

***3) अनुभवः न्यु योर्क राज्य बाहिर 5 वर्ष***

नङ स्पेशियालिटिसरहको पेसामा कानूनी दृष्टिले पाँच वर्षको अनुभव भएका कुनैपनि व्यक्तिले न्यु योर्क राज्यको लाइसेन्स निम्ति आवेदन गर्न सक्छन् अनि उक्त व्यक्तिले उसको शिक्षा एवम् अनुभवलाई प्रमाणित गर्ने कागजातहरू आवेदनसित बुझाउनुपर्नेछ।

***संयुक्त राज्य (United States) भित्रको अनुभवः***

(1) तपाईंलाई पहिले लाइसेन्स प्रदान गर्ने एजेन्सीद्वारा जारी मूल प्रमाणपत्र।

(2) भूतपूर्व नियोक्ताहरू, सह-कर्मीहरू, अनि ग्राहकहरूका तपाईंको अनुभवसम्बन्धी दुइ बयानहरू जसले यो दाबी जनाउन सक्छ कि राज्यमा काम गरेको तपाईंसित कम्तीमा पनि पाँच बर्षको अनुभव छ। अनुभवसम्बन्धी यी बयानहरूमा **सही-सही** तारिखहरू (सेवा सुरू गरिएका महिना र वर्ष अनि सेवा समाप्तिका महिना र वर्ष), कार्य गरिएको शहर, राज्य, पसलको नाउँ तथा तपाईंले प्रदान गर्नुभएका विशेष सेवाहरूको उल्लेख अनिवार्य रूपमा गरिएको हुनपर्छ।

(3) ती ट्याक्स रिटर्न्सका **प्रतिलिपि** जसमा पेसाको रूपमा नङ स्पेशियालिटि भनी बताइएको हुन्छ।

***संयुक्त राज्य (United States) बाहिरको अनुभवः***

प्रमाणहरूमा निम्न सामेल छन् तर यी यतिसम्म मात्रै सीमित छैनन्:

(1) तपाईंको मुलुकको लाइसेन्स प्रदान गर्ने प्राधिकरणको आधिकारिक प्रमाणपत्र अथवा दूतावासबाट यो कुरोको पुष्टि कि तपाईंको मुलुकमा यो पेसा अपनाउनको लागि लाइसेन्सको आवश्यकता छैन।

(2) तपाईंको मुलुकका नियोक्ता(हरू)-को तर्फबाट विस्तृत विवरणसहितका पत्रहरू जसमा रोजगारका तारिखहरू, स्थान अनि तपाईंले गर्नुभएका विशेष सेवाहरूको **सही-सही** उल्लेख गरिएको हुन्छ।

(3) तपाईंको मुलुकको तपाईंका ग्राहक (हरू), वा सह-कर्मी(हरू)-को तर्फबाट विस्तृत विवरणसहितका पत्रहरू जसमा रोजगारका तारिखहरू, स्थान अनि तपाईंको गर्नुभएका विशेष सेवाहरूको **सही-सही** उल्लेख गरिएको हुन्छ।

(4) नङ स्पेशियालिटिलाई पेसाको रूपमा वर्णन गर्ने पासपोर्टको **प्रतिलिपि,** ड्राइभर लाइसेन्स, नङ स्पेशियालिटिको अनुभवको पुष्टि गर्ने कार्य पुस्तिका, वा कुनै फोटो पहिचान पत्र।

(5) तपाईंले आफ्नो मुलुकमा पूरा गर्नुभएको शिक्षाको पाठ्यक्रम तथा डिप्लोमा/प्रमाणपत्रहरूका **प्रतिलिपिहरू**।

(6) ती ट्यक्स रिटर्न्सका **प्रतिलिपि** जसमा पेसाको रूपमा नङ स्पेशियालिटि भनी बताइएको हुन्छ।

तपाईंको आवेदनको समीक्षा एवम् स्वीकृति पश्चात्, तपाईंले विना कुनै परीक्षा वा अगाडिको शिक्षा, न्यु योर्क राज्यमा नङ स्पेशियालिटिको लाइसेन्स प्राप्त गर्न सक्नुहुन्छ।

***4) अनुमोदन***

अन्य अधिकार क्षेत्रको नङ स्पेशियालिटि लाइसेन्स भएको आवेदकले अनुमोदन मार्फत विना कुनै परीक्षा वा अगाडिको शिक्षा, न्यु योर्क राज्यमा नङ स्पेशियालिटिको लाइसेन्स प्राप्त गर्न सक्छन्। अनुमोदन मार्फत लाइसेन्स प्राप्त पर्ने पात्रता तपाईंसित छ वा छैन, सो निर्धारित गर्नको लागि हाम्रो वेबसाइट www.dos.ny.gov-मा नङ स्पेशियालिटि अनुमोदन सूची हेर्नुहोस्। आवेदकले त्यो अधिकार क्षेत्रको मूल प्रमाणपत्र बुझाउनुपर्नेछ जहाँबाट उसले समान लाइसेन्स प्राप्त गरेको छ अनि यो 6 महिनाहरूभन्दा अघिको हुनुहुँदैन।

***5) पहिलेका न्यु योर्क राज्य लाइसेन्सधारीहरू***

व्यक्तिको लाइसेन्समा उल्लेख गरिएको समाप्तिको तारिखका पाँच वर्षहरूभित्र नवीनीकरण निम्ति आवेदन र शुल्क नबुझाएको खण्डमा, उसलाई तबसम्म लाइसेन्सको लागि अयोग्य ठहर गरिनेछ जबसम्म उसले एक लिखित परीक्षा पास गर्दैन। पहिले लाइसेन्सको प्राप्त गरेको प्रमाणको आवश्यकता पर्नसक्छ।

## कागतमा दिइएको आवेदनमा मैले आफ्नो ईमेल ठेगाना दिने आवश्यकता किन छ?

तपाईंको ईमेल एड्रेसको उपयोग तपाईंको NYS लाइसेन्स सेन्टर एकाउन्ट खोल्नको लागि गरिनेछ। अधिकांश सन्देशहरू ईमेल मार्फत पठाइनेछन्। भविष्यमा तपाईंले आफ्नो ईमेल एड्रेस बद्लिनुभएको खण्डमा, तपाईंले आफ्नो एकाउन्टमा लग इन गरी यसलाई नयाँ ईमेल एड्रेसद्वारा अपडेट गर्नुपर्नेछ।

## मेरो आवेदन अनुमोदित भइसकेपछि मैले आफ्नो परीक्षाको कार्यक्रमलाई कसरी मिलाउन सक्छु?

परीक्षाहरू निश्चित गर्ने सेवा केवल तपाईंको अनलाइन एकाउन्ट मार्फत उपलब्ध हुनेछ। एकपल्ट तपाईंको आवेदन अनुमोदित भइसकेपछि तपाईंले एक ईमेल प्राप्त गर्नुहुनेछ जसमा यो सूचित गरिएको हुन्छ कि तपाईंले अब आफ्नो परीक्षाको कार्यक्रमलाई तय गर्न सक्नुहुन्छ। यदि तपाईंले NYS लाइसेन्स केन्द्र मार्फत अनलाइन आवेदन गर्नुभएको छ भने तपाईंले आफ्नो एकाउन्टमा लग इन गरी परीक्षाको कार्यक्रमलाई तय गर्न सक्नुहुन्छ। यदि तपाईंले लाइसेन्स प्रदान गर्ने विभाग (Division of Licensing Services)-मा कागतमा लिखित आवेदन बुझाउनुभएको छ भने, तपाईंलाई त्यो ईमेल एड्रेसमा ईमेल पठाइनेछ जसको उल्लेख तपाईंले आफ्नो आवेदनमा गर्नुभएको छ। यदि तपाईंले परीक्षाको लागि विशेष व्यवस्थाहरूको खाँचो छ भनी उल्लेख गर्नुभएको छ भने, लाइसेन्स प्रदान गर्ने विभागका एक प्रतिनिधिले तपाईंसित सम्पर्क गर्नेछन् अनि तपाईंको परीक्षाको कार्यक्रम तय गर्नेछन्।

## राज्यका परीक्षाहरू पास गर्नअघि के म काम गर्न सक्छु?

अवश्य सक्नुहुन्छ। परीक्षा प्रक्रिया पूर्ण गरिरहेको बेलामा काम गर्न चाहने आवेदकहरूलाई दुइ छः-महिना अवधिका अस्थायी लाइसेन्सहरू उपलब्ध हुनेछन्। न्यु योर्क राज्य वा संयुक्त राज्यमा प्राप्त शिक्षाको आधारमा आवेदन गर्ने आवेदकहरू मात्रै अस्थायी लाइसेन्सको लागि योग्य ठहर गरिन्छन्। एकपल्ट लिखित वा व्यावहारिक परीक्षामा उत्तीर्ण भएपछि आवेदकहरूले अस्थायी लाइसेन्सको नवीनीकरण निम्ति आवेदन गर्न सक्छन्। तपाईंले दुवै परीक्षाहरू पास गरिसकेपछि, चार-वर्ष अवधिको लाइसेन्स दिइनेछ।

## लाइसेन्सका शुल्क अनि अवधि के-कति छन्?

$40 - मूल आवेदन लाइसेन्स शुल्क (सबै आवेदकहरूको लागि) परीक्षाहरूमा उत्तीर्ण हुनुपर्ने आवश्यकता नभएका आवेदकहरू (उदाहरणार्थ, कानूनी दृष्टिले पाँच वर्षको अनुभव भएको आधारमा आवेदन गर्नेहरू)-को लागि तिर्नुपर्ने शुल्क केवल यो मात्रै हो।

$10 - 6 महिना अस्थायी लाइसेन्स शुल्क।

$10 - 6 महिना अस्थायी लाइसेन्स नवीनीकरण शुल्क (भिन्नै आवेदन)।

***कृपया ध्यान दिनुहोस्:*** मूल आवेदनका साथ अस्थायी लाइसेन्सको लागि आवेदन गरिरहनुभएको छ भने, तपाईंले केवल एक आवेदन शुल्कको रूपमा $50 बुझाउन सक्नुहुन्छ। भिन्ना-भिन्नै आवेदन शुल्कहरूको आवश्यकता छैन।

**लाइसेन्सको अवधि चार वर्षको हुनेछ। अस्थायी लाइसेन्सको अवधि 6 महिनाको हुनेछ।**

$15- परीक्षा शुल्क (तपाईंले आफ्नो परीक्षाको कार्यक्रम अनलाइन तय गर्नुहुँदा सङ्ग्रह गरिनेछ)।

### तपाईंले कुन-कुन प्रकारको भुक्तानी स्वीकार गर्नु हुन्छ?

तपाईंले डिपार्टमेन्ट अफ स्टेटलाई भुक्तानी हुने चेक वा मनीअर्डरद्वारा भुक्तानी गर्न सक्नुहुन्छ अथवा अमेरिकन एक्सप्रेस, मास्टर कार्ड वा भीसाद्वारा क्रेडिट कार्ड अथोराइजेशन अर्थात् आधिकारिक फारमको उपयोग गरी भुक्तानी गर्न सक्नुहुन्छ अनि अनलाइन आवेदन गर्दा पनि यही तरिकाले भुक्तानी गर्न सकिन्छ। **आवेदन शुल्कहरूलाई फिर्ता गरिनेछैन।** तपाईंको ब्याङ्कले वापस फर्काएको कुनैपनि चेकको लागि $20 रकमको शुल्क लगाइनेछ।

### लाइसेन्स हासिल गर्नको लागि के मेरो शारीरिक जाँच आवश्यक छ?

अवश्य छ। नङ स्पेशियालिटिको लाइसेन्स निम्ति आवेदन गर्दा चिकित्सक, चिकित्सकका सहायक वा नर्स चिकित्सा पेसावालद्वारा तपाईंको जाँच गरिनु आवश्यक छ। यदि तपाईंले अनलाइन आवेदन गरिरहनु भएको छ भने तपाईंको **चिकित्सक, चिकित्सकका सहायक वा नर्स चिकित्सा पेसावालले** आवेदनको स्वास्थ्य प्रमाणीकरण खण्ड अथवा स्वास्थ्य प्रमाणीकरण फारम (DOS-1948)-लाई पूरा गर्नुपर्नेछ साथै त्यहाँ तारिख पनि दिनुपर्नेछ। यस्तो प्रमाणपत्रमा तारिखसहित हस्ताक्षर गरिएका 30 दिनहरू भित्रमा तपाईंले आवेदन बुझाउनु अनिवार्य छ।

### शिशु समर्थनसम्बन्धी बयान

तपाईंको कुनै शिशु होस् वा नहोस् वा कसैलाई समर्थन गर्नुपर्ने जिम्मेवारी होस् वा नहोस्, न्यु योर्क राज्यमा शिशु समर्थनसम्बन्धी बयान (सामान्य अभिभारा कानून) अनिवार्य छ। **शिशुलाई सहायता-समर्थन नदिएको चार महिना वा बढी समय भएको खण्डमा, यसो गर्ने व्यक्तिको व्यापार, पेसासम्बन्धी वा ड्राइभर्स लाइसेन्सलाई स्थगित गरिनेछ।** सहायता-समर्थनको अभिभारालाई कानूनी तवरमा लागू गर्ने प्रक्रियालाई हतोत्साहित गर्न वा असफल तुल्याउनको लागि जानीबुझी गलत लिखित बयान प्रस्तुत गर्नु, दण्डविधानको §175.35 अन्तर्गत एक दण्डनीय अपराध हो। राज्य सरकार वा स्थानीय निकायलाई धोका दिने उद्देश्यले गलत बयानहरू दर्ता गर्नु, E (ई) श्रेणीको अपराध हो।

## <u>अनलाइन सेवाहरुसम्बन्धी जानकारीः</u>

**लाइसेन्स प्रदान गर्ने विभाग (Division of Licensing Services) आवेदकहरूलाई अनलाइन आवेदन गर्नको लागि प्रोत्साहीत गर्छ किनभने यसरी प्रक्रिया द्रूत साथै सहज भएर जान्छ। अनलाइन सेवाहरूको उपयोगको लाभ के हुन्छ भने यसले गर्दा तपाईंको आवेदन साथै अपडेटहरूमाथि चाँडोभन्दा चाँडो कार्यवाही गर्न सकिन्छ अनि लाइसेन्स प्रदान गर्ने प्रक्रियाको अवधिभरि तपाईंले आफ्नो लाइसेन्स रेकर्डहरूलाई हेर्न सक्नुहुन्छ साथै यसप्रति पहुँच प्राप्त गर्न सक्नुहुन्छ।**

अधिक पूर्ण जानकारी एवम् अन्य अनलाइन जानकारीको लागि http://www.dos.ny.gov/licensing/lc-faq.html-मा FAQ's (पटक-पटक सोधिने प्रश्नहरू) हेर्नुहोस्।

### के-कस्ता कार्यवाहीहरूको सुविधा अनि जानकारी अनलाइन उपलब्ध छन्?

- पहिलेको आवेदनलाई पूरा गर्न सक्नुहुन्छ
- आवेदनको स्थिति के छ, सो जाँच गर्न सक्नुहुन्छ
- आफ्नो लाइसेन्सको नवीनीकरण गर्न सक्नुहुन्छ
- परीक्षाको कार्यक्रम मिलाउन सक्नुहुन्छ अनि परिणामहरूलाई हेर्न सक्नुहुन्छ
- लाइसेन्सको स्थिति के छ, सो जाँच गर्न सक्नुहुन्छ
- लाइसेन्ससम्बन्धी जानकारीलाई संशोधित गर्न सक्नुहुन्छ
- ड्युप्लिकेट लाइसेन्स निम्ति अनुरोध गर्न सक्नुहुन्छ

### NYS लाइसेन्स सेन्टर अर्थात् केन्द्र (NYS License Center, NYSLC)-मा एकाउन्ट खोल्नको लागि मैले स्वयम्लाई कसरी पञ्जीकृत गर्नुपर्छ?

NYS लाइसेन्स सेन्टरमा एकाउन्ट खोल्नको लागि पञ्जीकरण निम्ति तपाईंले पहिले MyNY.gov–मा स्वयम्लाई पञ्जीकृत गर्नुपर्छ। वर्तमानमा तपाईंले MyNY.gov-मा स्वयम्लाई पञ्जीकृत गर्नुभएको छैन भने, https://aca.licensecenter.ny.gov/aca/ हेर्नुहोस् अनि त्यहाँ MyNY.gov-को पञ्जीकरण साइटमा जानुहोस् तथा 'I need a NY. gov ID' (मलाई न्यु योर्क सरकारको पहिचान पत्रको खाँचो छ)' लिङ्कलाई क्लिक गर्नुहोस् अनि MyNY.gov-मा पञ्जीकरण निम्ति निर्देशहरूको पालन गर्नुहोस्। तपाईंको MyNY.gov-मा एकपल्ट पञ्जीकरण भइ सकेपछि, MyNY.gov-मा उपलब्ध विकल्पहरूमध्ये NYS License Center-को विकल्पलाई रोज्नुहोस्। NYS License Center-मा 'Account Management (एकाउन्ट प्रबन्धन)' लिङ्कलाई क्लिक गर्नुहोस्, जो पृष्ठको दाहिनेपटि शीर्षमा हुन्छ। भर्नुपर्ने सबै स्थानहरूलाई भर्नुहोस् अनि त्यसपछि तपाईंको एकाउन्टको उपयोगद्वारा तयार पारिएका सबै आवेदनहरूमा यो जानकारी स्वतः नै प्रकट हुनेछ। तपाईंले एकपल्ट यो डाटा अर्थात् जानकारीलाई पूर्ण रूपमा भरेर सेभ गरिसकेपछि 'Home (होम)' ट्याबमा क्लिक गर्नुहोस् अनि अगाडि बढ्नुहोस्।

### यदि MyNY.gov-को एकाउन्ट पहिलेबाटै छ भने मैले के गर्नुपर्नेछ?

यदि MyNY.gov-मा तपाईंको अगावै पञ्जीकरण भइसकेको छ भने, MyNY.gov-मा जानुहोस् अनि साइन इन गर्नुहोस् त्यसपछि MyNY.gov-मा उपलब्ध विकल्पहरूमध्ये NYS License Center-को विकल्पलाई रोज्नुहोस्। यो प्रक्रिया मार्फत तपाईंको NYS लाइसेन्स सेन्टर एकाउन्ट खोलिनेछ। NYS License Center-मा 'Account Management (एकाउन्ट प्रबन्धन)' लिङ्कलाई क्लिक गर्नुहोस्, जो पृष्ठको दाहिनेपटि शीर्षमा हुन्छ। भर्नुपर्ने सबै स्थानहरूलाई भर्नुहोस् अनि त्यसपछि तपाईंको एकाउन्टको उपयोगद्वारा तयार पारिएका सबै आवेदनहरूमा यो जानकारी स्वतः नै प्रकट हुनेछ। तपाईंले एकपल्ट यो डाटा अर्थात् जानकारीलाई पूर्ण रूपमा भरेर सेभ गरिसकेपछि 'Home (होम)' ट्याबमा क्लिक गर्नुहोस् अनि अगाडि बढ्नुहोस्।

### NYS लाइसेन्स सेन्टर अर्थात् केन्द्रमा मैले लाइसेन्सको लागि कसरी आवेदन गर्नुपर्छ?

**NYS** लाइसेन्स केन्द्रमा लाइसेन्सको लागि आवेदन गर्दा, तपाईंले त्यहाँ आफ्नो एकाउन्ट खोल्नुपर्छ वा तपाईंको त्यहाँ एकाउन्ट छ भने, त्यसमा लग इन गर्नुपर्छ। आफ्नो लाइसेन्स निम्ति अनलाइन आवेदन गर्नको लागि निम्न चरणहरूको पालन गर्नुहोस्:

- एकाउन्ट खोल्नको लागि पञ्जीकरण गर्नुहोस् वा आफ्नो एकाउन्टमा लग इन गर्नुहोस् (माथि **NYS** सेन्टर अर्थात् केन्द्र (**NYSLC**)-मा एकाउन्ट खोल्नको लागि मैले स्वयम्लाई कसरी पञ्जीकरण गर्नुपर्छ हेर्नुहोस्)
- एकपल्ट तपाईं **NYS** लाइसेन्स केन्द्रमा लग इन भइसकेपछि, 'Home (गृह)' ट्याबमा 'Apply now for a new license or permit (लाइसेन्स वा पर्मिटका लागि अहिले नै आवेदन गर्नुहोस्)' विकल्पलाई रोज्नुहोस्
- आवेदन प्रक्रियासम्बन्धी अनलाइन उपलब्ध गराइएका निर्देशहरूको पालन गर्नुहोस्
- प्रमाणका कागजातहरूलाई अपलोड गर्नुहोस्
- भुक्तानी गर्नुहोस् अनि यसको पुष्टि गर्ने पृष्ठलाई प्रिन्ट गर्नुहोस्।

तपाईं आफ्नो एकाउन्टमा लग इन गर्न सक्नुहुनेछ अनि त्यहाँ आफ्नो आवेदनको स्थितिबारे जानकारी पाउनुहुनेछ।

### म एक अतिरिक्त लाइसेन्सलाई अनलाइन कसरी बनाउन सक्छु?

एक अतिरिक्त अर्थात् थप लाइसेन्सको लागि आवेदन गर्नलाई, पहिले आफ्नो एकाउन्टमा लग इन गर्नुहोस् अनि 'Manage My Licenses (मेरा लाइसेन्सहरूको प्रबन्धन गर्नुहोस्) ' ट्याबमा क्लिक गर्नुहोस् अनि त्यसपछि 'Apply now! For a New License or Permit (नयाँ लाइसेन्स वा पर्मिटको लागि अहिले नै आवेदन गर्नुहोस्)' लिङ्कलाई रोज्नुहोस्। नियम एवम् शर्तहरूलाई पढ्नुहोस् र स्वीकार गर्नुहोस् अनि त्यसपछि सिस्टम अर्थात् प्रणालीले तपाईंको मार्ग निर्देशन गर्नेछ।

### मैले लाइसेन्सको अनलाइन नवीनीकरण कसरी गर्न सक्छु?

यदि वर्तमानमा तपाईंको **NYS** लाइसेन्स सेन्टर एकाउन्ट छ भने, तपाईंको लाइसेन्सको म्याद समाप्त हुनभन्दा तीन महिना पहिले तपाईंले ईमेल मार्फत नवीनीकरणसम्बन्धी सूचना पाउनुहुनेछ। यो ईमेलमा तपाईंको एकाउन्टको एक लिङ्क पनि हुन्छ। यो लिङ्कमा क्लिक गर्नुहोस् अनि नवीनीकरण निम्ति आवेदन प्रक्रियालाई पूरा गर्नुहोस्।

यदि वर्तमानमा तपाईंको **NYS** लाइसेन्स सेन्टर एकाउन्ट छैन भने, तपाईंको लाइसेन्सको म्याद समाप्त हुनभन्दा तीन महिना पहिले तपाईंले हुलाक मार्फत नवीनीकरणसम्बन्धी सूचना पाउनुहुनेछ। यो सूचनामा **NYS** लाइसेन्स सेन्टरमा एकाउन्ट खोल्नको लागि निर्देशहरू दिइएका हुन्छन्।

### अनलाइन सिस्टमको लागि मेरो यूजर आईडी के हो?

MyNY.gov-मा आफ्नो एकाउन्ट खोल्नुहुँदा, तपाईंले एक अद्‌वितीय यूजर आई डी सृजित गर्नुहुनेछ अनि आफ्नो ईमेलको उपयोग गर्नुहुनेछ। त्यसपछि यही यूजर आई डी मार्फत तपाईंले आफ्नो एकाउन्टसम्मको पहुँच प्राप्त गर्नुहुनेछ।

### मेरो एकाउन्टसम्बन्धी जानकारीलाई म अनलाइन कसरी अपडेट गर्नुसक्छु अर्थात् अद्‌यावधिक बनाउन सक्छ?

तपाईंले ढुइ स्थानहरूमा आफ्नो अनलाइन एकाउन्ट जानकारीलाई अपडेट गर्न आवश्यकता छ। तपाईंले आफ्नो डाटालाई MyNY.gov तथा तपाईंको NYS लाइसेन्स सेन्टर एकाउन्टमा अपडेट गर्नुपर्नेछ।

MyNY.gov-मा आफ्नो एकाउन्टको प्रबन्धनसम्बन्धी जानकारी निम्ति FAQs (पटक-पटक सोधिने प्रश्नहरू) हेर्नुहोस्।

आफ्नो NYS लाइसेन्स सेन्टर एकाउन्टमा लग इन गर्नुहोस्, शीर्षको पंक्तिमा तपाईंले 'Manage My Licenses (मेरा लाइसेन्सहरूको प्रबन्धन गर्नुहोस् शीर्षक)' एक लिङ्क देख्नुहुनेछ। त्यहाँ सम्पर्क, जानकारीसम्बन्धी संशोधनलाई पूरा गरेर तपाईंले आफ्नो एकाउन्टलाई अपडेट गर्न सक्नुहुन्छ अर्थात् अद्‌यावधिक बनाउन सक्नुहुन्छ।

### म अनलाइन आवेदन गरिरहेछु, म यो विभागलाई आफ्नो शारीरिक जाँचको बारेमा कसरी सूचित गर्न सक्छु?

नङ स्पेशियालिटि पेसा निम्ति लाइसेन्सको लागि आवेदन गर्ने सबै आवेदकहरूले चिकित्सक, चिकित्सकका सहयोगी वा नर्स चिकित्सा पेसावालद्‌वारा शारीरिक जाँच गराउनु आवश्यक छ। चिकित्सक, चिकित्सकका सहयोगी वा नर्स चिकित्सा पेसावालद्‌वारा जाँच गरिएका 30 दिनहरूभित्र आवेदन बुझाउनुपर्नेछ अनि आवेदनमा यी जाँचकर्ताहरूको नाउँ र सम्पर्क टुङ्गो अनिवार्य रूपमा दिइएको हुनुपर्छ। स्वास्थ्य प्रमाणीकरण फारम (DOS-1948)–लाई पूरा भर्नुपर्नेछ। यो फारामलाई डिपार्टमेन्ट अफ स्टेटको वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ।

NYS लाइसेन्स सेन्टरको उपयोगद्‌वारा तपाईंले अनलाइन गर्नुभएको आवेदनमा, तपाईंले अनिवार्य रूपमा, पूर्ण रूपमा भरिएको स्वास्थ्य प्रमाणीकरण फारममा भएको जानकारीको उपयोग गर्नुपर्नेछ। तपाईंले जानकारीलाई यो फारमबाट सिस्टम अर्थात् प्रणालीमा भएको स्वास्थ्य प्रमाणीकरणसम्बन्धी स्थानहरूमा प्रविष्ट गराउनुपर्नेछ।

**कृपया ध्यान दिनुहोस्:** पूर्ण गरिएको यो स्वास्थ्य प्रमाणीकरण फारमको जाँचकर्ताद्‌वारा जाँच गरिनेछ किनभने यसो गरिनु आवश्यक छ। यस फारममा उल्लेखित जानकारीको प्रमाण तपाईंले आफ्नो कार्यस्थलमा राख्नुपर्नेछ जसमा यसको जाँच गर्न सकियोस्।

### <u>गोपनीयतासम्बन्धी सूचना</u>

### के मैले आवेदनमा आफ्नो सामाजिक सुरक्षा (social security) अनि संघीय पहिचान (Federal ID) संख्याहरूको उल्लेख गर्नुपर्छ?

अवश्य गर्नुपर्छ। यदि तपाईंसित सोशल सिक्युरिटी नम्बर वा फेडरल आई डी नम्बर छ भने, तपाईंले यो नम्बरको उल्लेख गर्नैपर्छ। यदि तपाईंसित सोशल सिक्युरिटी नम्बर वा फेडरल आई डी नम्बर छैन भने, तपाईंले लिखित रूपमा यो नभएको कारण बताउनुपर्नेछ।

डिपार्टमेन्ट अफ स्टेटको लागि सबै लाइसेन्सधारकहरूका फेडरल सोशल सिक्युरिटी एवम् एम्प्लोयर आइडेन्टिफिकेशन नम्बरहरू (नियोक्ता पहिचान संख्या)-को सङ्ग्रह गर्नु आवश्यक छ। यस्ता व्यक्तिगत जानकारीको लागि अनुरोध गर्ने र त्यसलाई राख्ने अधिकार, ट्याक्स कानूनको §5 अनि जेनरल अब्लिगेशन अर्थात् अभिभारासम्बन्धी सामान्य कानूनको §3-503-ले प्रदान गर्दछ। तपाईंद्‌वारा खुलासा अनिवार्य छ। यो जानकारीलाई सङ्ग्रह गर्नुको उद्देश्य, कर एवम् वित्तसमबन्धी डिपार्टमेन्ट अफ स्टेट (Department of State)-लाई ती व्यक्तिहरू, व्यापारहरू तथा अन्यहरूको पहिचान गर्नमा सक्षम तुल्याउनु हो, जो ट्याक्स रिटर्न्स दर्ता नगरेकोमा दोषी छन् अथवा जसले ट्याक्स तिर्ने आफ्ना जिम्मेवारीहरूलाई कम्ती सम्झिएका छन्। यसबाहेक, यसको मद्दतले सामान्यतः ती व्यक्तिहरूको पहिचान गरिन्छ, जो कर एवम् वित्त आयुक्त (Commissioner of Taxation and Finance)-द्‌वारा लगाइएका करहरूद्‌वारा प्रभावित भएका छन्। यसको उपयोग कर प्रशासन वा ट्याक्स कानूनद्‌वारा प्राधिकृत अन्य उद्देश्यहरूको लागि गरिनेछ। यसको उपयोग शिशु समर्थनसम्बन्धी कानून लागू गर्ने एजेन्सीहरू वा उनीहरूका प्राधिकृत प्रतिनिधिहरूले पनि गर्न सक्छन्। यो सोशल सिक्युरिटी ऐनको टाइटल IV-D अन्तर्गत आउँछ अनि यी एजेन्सीहरू यो वा अन्य राज्यहरूका हुनसक्छन्। यसको उद्देश्य, समर्थनकारी सेवासम्बन्धी कानूनको स्थापना, संशोधन वा पालन हो। सोशल सिक्युरिटी ऐनको यो प्रावधान जनसाधारणलाई उपलब्ध छैन। कसैसित नम्बर छैन भने उसले यो नभएको कारण लिखित रूपमा बताउनुपर्नेछ। यो सूचनालाई लाइसेन्स सूचना तन्त्र (Licensing Information System)-मा प्रशासन एवम् प्रबन्ध निदेशक, वन कमर्स प्लाजा 99 वाशिङ्गटन एभेन्यु, एल्वेनी, न्यू योर्क 12231-0001 (Director of Administration and Management, at One Commerce Plaza, 99 Washington Avenue, Albany, NY 12231-0001)–द्‌वारा राखिनेछ साथै रेखदेख गरिनेछ।

# अनुमति पत्र सेवा विभाग

New York State
**Department of State**
**Division of Licensing Services**
**Appearance Enhancement**
P.O. BOX 22049
Albany, NY 12201-2049
ग्राहक सेवा: (518) 474-4429
www.dos.ny.gov

## नङ विशिष्टता आवेदन

***यो आवेदन पूरा गर्नु पूर्व निर्देशनहरूलाई पढ्नुहोस्। तपाईंले प्रत्येक प्रश्नको जवाफ दिनुपर्नेछ र मसी प्रयोग गरी प्रतिक्रियाहरू दिनुपर्नेछ ।***

निम्न योग्यता रोजाइहरू मध्ये एउटा चयन गर्नुहोस्।

**मैले निम्न कुराको आधारमा अनुमति पत्र ($40 आवेदन शुल्क आवश्यक पर्छ) का लागि आवेदन दिँदैछु:**

_____ 1. न्यूयोर्क राज्यका शिक्षा तथा परीक्षाहरू (New York State Education and Examinations) (अध्ययनको स्वीकृत पाठ्यक्रमको 250 घण्टा समाप्ति)

_____ 2. नङ विशिष्टता प्रशिक्षार्थी अनुमति पत्र प्रापक (नङ प्रशिक्षार्थीको रूपमा 1 वर्ष र अध्ययनको स्वीकृत पाट्यक्रमको 26 घण्टाको सफल समाप्ति)
प्रशिक्षार्थी अनुमति पत्र UID # __________ म्याद समाप्त हुने मिति __________

_____ 3. अघिल्लो न्यूयोर्क राज्य नङ विशिष्टता अनुमति पत्र प्रापक - अनुमति पत्र UID # __________ म्याद समाप्त हुने मिति __________

_____ 4. न्यूयोर्क राज्य वा संयुक्त राज्य भन्दा बाहिरको शिक्षा

_____ 5. अनुभव: 5 वर्ष न्यूयोर्क राज्य वा संयुक्त राज्यबाट बाहिरी बसाइ राज्य __________ राष्ट्र __________

_____ 6. अनुमोदन - राज्यको नाम प्रविष्ट गर्नुहोस् __________

*तपाईंले माथिबाट 1, 2, 3 वा 4 चयन गर्नुभयो भने, तपाईंले छ महिने अस्थायी अनुमति पत्र (अतिरिक्त $10 शुल्क आवश्यक पर्छ) को लागि आवेदन दिन सक्नुहुन्छ जसले तपाईंलाई न्यूयोर्क राज्यका परीक्षाहरू दिँदै गर्दा अभ्यास गर्न अनुमति दिन्छ।*

_____ **मैले छ महिने अस्थायी अनुमति पत्रको अनुरोध गर्दैछु। ($40 + $10 = $50 आवेदन शुल्क आवश्यक पर्छ)**

*तपाईंले माथिबाट रोजाइ 1, 2, 3 वा 4 चयन गर्नुभयो भने तपाईंको आवेदन स्वीकृत भएपछि तपाईंलाई परीक्षा समय तालिकाको लिङ्क इमेल गरिनेछ।*

_____ **मलाई विशिष्ट परीक्षण व्यवस्थाहरू आवश्यक पर्छ।**

तपाईंमा सिकाइ असक्षमता वा कुनै पनि शारीरिक, मानसिक वा मनोवैज्ञानिक असक्षमता छ र विशिष्ट परीक्षण व्यवस्थाहरूको अनुरोध गर्नुहुन्छ भने तपाईंले आफ्नो आवेदन सँगै पूरा गरिएको “विशेष परीक्षण व्यवस्थाहरूको अनुरोध (Special Testing Arrangements Request)” फाराम (DOS-1591) पेश गर्नुपर्छ। तपाईंले आफ्नो अवस्था तथा अनुरोध गरिएका कुनै पनि परिमार्जनहरूको विवरणलाई व्याख्या गर्दै चिकित्सक, अन्य दक्ष पेशेवरका सहायक कागजातपत्र वा विद्यालय वा अन्य संस्थाको पूर्वनिवास स्थानको प्रमाण पनि पेश गर्नुपर्छ। तपाईंको आवेदनलाई स्वीकृत गरिसकेपछि तपाईंको परीक्षाको समयतालिकाका लागि NYS अनुमति पत्र प्रतिनिधिद्वारा सम्पर्क गरिनेछ।

**आवेदकको जानकारी**

| | | | | |
|---|---|---|---|---|
| पहिलो नाम | अन्तिम नाम | बीचको नाम | अन्तसर्ग | |
| घरको ठेगाना (स्ट्रिटको नम्बर र स्ट्रिटको नाम उपलब्ध गराउनुहोस्) | | | सुट, अपार्टमेन्ट, युनिट | |
| शहर | राज्य | जिप+4 | काउण्टी | राष्ट्र |
| पत्राचार ठेगाना (यहाँ पोष्ट बक्स उपलब्ध गराउनुहोस्) | | | | |
| शहर | राज्य | जिप+4 | काउण्टी | राष्ट्र |
| इ-मेल ठेगाना: | सामाजिक सुरक्षा नम्बर | संघीय करदाताको आइडी | | |
| जन्म मिति | घरको फोन | मोबाइ फोन | व्यवसायको फोन | |

## नङ विशिष्टता आवेदन

**स्वास्थ्य प्रमाणीकरण -** तपाईंले यो आवेदन आफ्नो शारीरिक परीक्षा पश्चातको **30 दिन** भित्र बुझाउनुपर्छ।

म रीतपूर्वक अनुमति प्राप्त चिकित्सक, चिकित्सक सहायक वा परिचारिका अभ्यासकर्ता हो र__________*(शारीरिक परीक्षाको मिति)* मा यो आवेदनमा नामांकित व्यक्तिको समयतालिका अनुसारको परीक्षाको पाठ्यक्रममा मैले आवेदकको पेशा सञ्चालनका सार्वजनिक सदस्यहरूको स्वास्थ्य वा सुरक्षामा गम्भीर जोखिम वा प्रत्यक्ष खतरा निम्त्याउने संक्रामक वा सञ्चारयोग्य रोगको उपस्थितिको कुनै पनि चिकित्सकीय प्रमाण फेला पारिन।

*चिकित्सकको मुद्रित नाम* ______________________________

*अभ्यासको ठेगाना* ______________________________

______________________________

*चिकित्सकको हस्ताक्षर* ______________________________ *मिति* ____________

**बाल सहायता कथन**

**यो आवेदनमा हस्ताक्षर गरेर**, मैले यो स्पष्ट पार्छु कि यो आवेदनको मितिमा म बाल सहायता उपलब्ध गराउने दायित्व अन्तर्गत छैन **वा** म बाल सहायता उपलब्ध गराउने दायित्व अन्तर्गत हुन्छु भने मैले बाल सहायताको भुक्तानीमा चार वा सो भन्दा धेरै महिनाको शुल्क तिर्न बाँकी छैन वा मैले भुक्तानीहरू आम्दानी निष्पादन वा अदालतले सहमति जनाएको भुक्तानी वा पुन: भुक्तानी योजना वा पक्षहरूले सहमति जनाएको योजनाद्वारा दिँदैछु वा मेरो बाल सहायता दायित्व विचाराधीन रहेको अदालती प्रक्रियाको अधीनमा हुन्छ वा मैले सार्वजनिक सहायता वा परिपूरक सुरक्षा आम्दानीहरू प्राप्त गर्दैछु।

**आवेदकको समर्थन -** मैले सहमति जनाउँछु, झुटो बयान दण्ड अन्तर्गत, यो आवदेनमा उल्लेख गरिएका कथनहरू सत्य र सही छन् भन्ने कुरालाई स्वीकार गर्छु। मैले साधारण व्यावसायिक कानून (General Business Law) को Article 27 को प्रावधानहरूलाई पढेको तथा बुझेको छु भनी स्वीकार गर्दछु।

X ______________________________ ____________

*आवेदकको हस्ताक्षर* *मिति*

***तपाईंले न्यूयोर्क राज्य शिक्षा तथा परीक्षाहरूको आधारमा आवेदन दिँदै हुनुहुन्छ भने तपाईंको विद्यालयका निर्देशक वा प्रधानाध्यापकले निम्न कुराहरू पूरा गर्नुपर्छ:***

### न्यूयोर्क राज्यले स्वीकृत गरेको विद्यालयमा समर्थन

| | | |
|---|---|---|
| विद्यालयको नाम | | |
| विद्यालयको ठेगाना (स्ट्रिटको नम्बर र स्ट्रिटको नाम उपलब्ध गराउनुहोस्) | | |
| शहर | राज्य | जिप+4 |
| विद्यालय पाठ्यक्रम कोड (NYS राज्य विभाग) (NYS Department of State) ले निर्दिष्ट गरेको पाँच अंकको सङ्ख्यात्मक कोड | | |
| विद्यालयको निर्देशक वा प्रधानाध्यापकको पूरा नाम (छाप्नुहोस्) | शीर्षक (निर्देशक वा प्रधानाध्यापक) | |
| आवेदकको पूरा नाम (छाप्नुहोस्) | | |

## नङ विशिष्टता आवेदन

मैले झुटो बयान दण्ड अन्तर्गत माथि उल्लिखित विद्यालयले शिक्षा नीति (Education Law) को §5001 अनुरूप उचित रूपबाट अनुमति पत्र प्राप्त गरेको छ र/वा न्यूयोर्क राज्यको राज्य प्रतिनिधि परिषदले स्वीकृत गरेको छ भन्ने कुरामा सहमति जनाउँछु तथा स्वीकार गर्छु। यो आवेदनमा उल्लिखित व्यक्तिले (*मिति*) मा अध्ययनको 250 घण्टे पाठ्यक्रम सफलतापूर्वक पूरा गरेका छन्

________________________________

________________________________________ ____________________

*विद्यालयका निर्देशक/प्रधानाध्यापकको हस्ताक्षर* *मिति*

विद्यालय सिल

**कृपया यो आवेदनको साथमा आवेदन शुल्क (NYS Department of State लाई भुक्तान गर्नुपर्ने) – आवेदन तथा अस्थायी अनुमति पत्रको लागि $50 वा आवेदन मात्रको लागि $40 सँगै कुनै पनि आवश्यक व्याख्यान तथा कथनहरू समावेश गराउने कुरा याद राख्नुहोस्। तपाईंको बैंकले फिर्ता गरेका कुनै पनि चेकका लागि $20 शुल्क थप लगाइनेछ। तपाईंले आफ्नो क्रेडिट कार्डद्वारा भुक्तान गर्न चाहनुहुन्छ भने कृपया हाम्रो वेबसाइट www.dos.ny.gov बाट क्रेडिट कार्ड प्रमाणीकरण फाराम प्राप्त गर्नुहोस् र पुरा भरी यस आवेदनसँगै पठाउनु पर्नेछ ।**

तपाईंले आफ्नो निवास तथा इमेल ठेगाना कुनै पनि परिवर्तनहरूका बारेमा यो डिभिजनलाई सूचित गराउनु महत्त्वपूर्ण हुन्छ जसकारण तपाईंले नवीकरण सूचना तथा आफ्नो अनुमति-पत्र उपयुक्त सूचनाहरू प्राप्त गर्न सक्नुहुन्छ।